नेपाली · NEPALI

# न्यूयोर्क राज्यको समुदाय टुलकिट

आप्रवासी न्यूयोर्कवासीहरूको लागि संसाधन निर्देशिका

अक्टोबर 2021



New York Immigration Coalition

nyic.org

न्यूयोर्क इमिग्रेशन कोलिसनले यो टुलकिट समुदायका सदस्यहरू र हाम्रा साझेदार तथा उनीहरूसँग काम गर्ने सहयोगीको लागि संसाधन उपलब्ध गराउन विकास गरेको छ। यसलाई परिवर्तनशील कानून तथा नीतिहरूको आधारमा अद्यावधिक गरिन्छ।

## विषयवस्तुहरू


- स्वास्थ्य 3
- अध्यागमन 5
- शिक्षा 7
- प्रजातन्त्र 8
- अर्थव्यवस्था 9
- आफ्ना अधिकारहरू थाहा पाउनुहोस् 11
- घृणा अपराधहरू 12
- NYS संसाधनहरू 13

# स्वास्थ्य 1/2

**जति धेरै न्यूयोर्कवासीहरूलाई खोप लगाइन्छ, हामीसँग COVID-19 को प्रसारलाई रोक्न उति नै बढी मौका हुन्छ। आजै खोप लगाएर आफ्नो भाग पुरा गर्नुहोस् र तपाईंले चिनेका 12 वर्ष र माथिका सबैलाई त्यसै गर्नको लागि भन्नुहोस्।**

**इमिग्रेशन वा बीमा कभरेजको स्थिति जेसुकै भए तापनि, COVID-19 को खोपहरू नि:शुल्क छन्।**

**COVID-19 अपडेटहरू**

- अगस्त 23, 2021 मा, FDA ले 16 वर्ष वा माथिका मानिसहरूलाई COVID-19 रोगको रोकथामको लागि फाइजर (Pfizer) खोपको पूर्ण स्वीकृति घोषणा गर्‍यो।
- गभर्नर होचुल (Hochul) ले अत्यधिक संक्रामक डेल्टा (Delta) भेरियन्ट र राज्यव्यापी रुपमा COVID-19 संक्रमणमा हालको वृद्धि विरुद्ध न्यूयोर्कवासीहरूलाई जोगाउन विश्वव्यापी रुपमा मास्कको आवश्यकताहरूको एउटा श्रृंखलाको घोषणा गर्नुभयो। अब निम्न स्थानहरूमा अनुहार ढाक्न जरुरी छ:
  - सिकाईको बेलामा र अतिरिक्त क्रियाकलापको बेलामा सबै स्कूल भवनहरूमा
  - राज्यद्वारा नियमन गरिएको बाल हेरचाह सुविधामा 2 वर्ष र माथिका बच्चाहरू र सबै कर्मचारी र आगन्तुकहरूको लागि
  - सामुहिक कार्यक्रमहरू र मानसिक स्वास्थ्य कार्यालय, लत सेवा र सहयोगको कार्यालय, विकासात्मक अपाङ्गता भएका व्यक्तिहरूको कार्यालय, बालबालिका तथा परिवार सेवा कार्यालय र अस्थायी तथा अपाङ्गता सहयोग कार्यालयद्वारा लाइसेन्स प्राप्त, दर्ता भएको, संचालित, प्रमाणित वा स्वीकृत सेवाहरू।
- स्वास्थ्य सेवा कार्यकर्ताहरूले भावनात्मक सहयोग सेवाहरूमा पहुँचको लागि "NYFRONTLINE" लाई 741-741मा 24/7 टेक्स्ट गर्न सक्छन्।
- न्यूयोर्कवासीहरूले मानसिक स्वास्थ्य परामर्शको लागि COVID-19 भावनात्मक सहयोग हटलाइनलाई 1-844-863-9314मा फोन गर्न सक्छन्।
- अगस्त 17 बाट शुरु हुने गरि, न्यूयोर्क शहरमा 12 वर्ष भन्दा माथिका मानिसहरूले इनडोर डाइनिंग, इनडोर फिटनेस, र इनडोर मनोरन्जनको लागि COVID-19 खोपको कम्तिमा एक डोजको प्रमाण देखाउनुपर्नेछ । nyc.gov/keytonyc मा थप जान्नुहोस्।

**COVID-19 को खोपहरू**


- अमेरिकामा बस्ने 12 वर्ष वा माथिका सबै व्यक्तिहरू COVID-19 खोप प्राप्त गर्न योग्य छन्।
  - गभर्नर होचुलले स्कूल जाने उमेरका न्यूयोर्कवासीहरू बीच COVID-19 खोपको दर चलाउनको लागि #VaxtoSchool अभियानको घोषणा गर्नुभएको छ: ny.gov/VaxtoSchool
- FDA ले योग्य व्यक्तिहरूको लागि COVID-19 खोपको बुस्टर मात्राको विस्तारित प्रयोगलाई स्वीकृत गरेको छ। तपाईं बुस्टर डोज प्राप्त गर्न योग्य हुनुहुन्छ यदि :
  - तपाईंले कम्तिमा 6 महिना अघि मोडर्ना (Moderna) वा फाइजर (Pfizer) खोपको दोस्रो डोज प्राप्त गर्नुभएको थियो र निम्न हुनुहुन्छ:
    - 65 वर्ष र माथिको उमेर, वा
    - 18+ उमेर र तपाईंलाई COVID-19 को उच्च जोखिममा राख्ने अन्तर्निहित चिकित्सा रोग छ, वा
    - 18+ उमेर र तपाईंको जागिर (उदाहरणको लागि, स्वास्थ्य सेवा कर्मचारीहरू) वा तपाईं बस्ने वा बारम्बार जाने ठाउँ (उदाहरणको लागि, घरबारविहीन आश्रय) को कारणले COVID-19 जोखिमको उच्च जोखिम छ, वा
    - 18+ उमेर र दीर्घकालीन हेरचाह सुविधाको निवासी हुनुहुन्छ
  - तपाईंले कम्तिमा 2 महिना अघि जोन्सन एण्ड जोन्सन (Johnson & Johnson) खोप प्राप्त गर्नुभएको थियो र तपाईं 18 वर्ष वा माथिको हुनुहुन्छ
- CDC ले "मिक्स-एन्ड-म्याच" रणनीतिलाई समर्थन गरेको छ, अर्थात् योग्य व्यक्तिहरूले उनीहरूले बुस्टरको रूपमा कुन खोप प्राप्त गर्ने भनेर छनौट गर्न सक्छन्।
- खोप प्रक्रिया चलिरहँदा, न्यूयोर्कवासीहरूले उपयुक्त स्थानहरूमा मास्क लगाउन जारी राख्नुपर्छ र अन्य सबै स्वास्थ्य मार्गनिर्देशनहरूको पालना गर्नुपर्छ।



# स्वास्थ्य 2/2

**COVID-19 को खोपहरू**

- खोपहरू फार्मेसीहरू, स्थानीय स्वास्थ्य विभागहरू, क्लिनिकहरू, संघीय योग्यता प्राप्त स्वास्थ्य केन्द्रहरू, र न्यूयोर्क राज्य भरिका अन्य स्थानहरूमा व्यापक रूपमा उपलब्ध छन्।
- तपाईंको नजिकै अपोइन्टमेन्टहरू खोज्नको लागि Vaccines.gov मा जानुहोस् वा 1-800-232-0233 (TTY 888-720-7489) मा फोन गर्नुहोस्।
- धेरै स्थानीय स्वास्थ्य विभागहरूले बिना अपोइन्टमेन्टका खोप क्लिनिकहरू वा घरमै खोपको प्रस्ताव गरिरहेका छन्। nysacho.org/directory मा तपाईंको स्थानीय स्वास्थ्य विभागको सम्पर्क जानकारी पाउनुहोस्।



**NYC परीक्षण र ट्रेस कोर्प्स**

- NYC परीक्षण तथा ट्रेस कर्प्स भनेको कोभिड-19 को महामारीबाट लड्ने एउटा जनस्वास्थ्य अवसर हो।
- परीक्षण: तपाईं भाइरमा अनावृत हुनु भएको छ वा छैन भनी जान्नका लागि कोभिड-19 परीक्षण र एन्टिबडी परीक्षण गराउनुहोस्। परीक्षणहरू निःशुल्क, गोपनीय र सुरक्षित छन्। 200 भन्दा बढी परीक्षण गर्ने क्षेत्रहरू खुला छन्।
- ट्रेस सम्पर्क ट्रेसरहरूको फोनको जवाफ दिनुहोस्। कोभिड-19 को परीक्षण पोजेटिभ आएका न्यूयोर्कवासीहरू र उनीहरूको नजिकको सम्पर्कहरूको लागि सहायता उपलब्ध गराउँछ।
- स्याहार गर्नुहोस्: आफूलाई र आफ्नो प्रियजनहरूलाई सुरक्षित राख्नुहोस्। खुला, आरामदायक र सुविधाजनक होटलको कोठामा वा घरमा सुरक्षित रूपमा छुट्टै बस्नुहोस्।
- nychealthandhospitals.org/test-and-trace मा थप अध्ययन गर्नुहोस्

**स्वास्थ्य बीमा**

- खुला नामाङ्कन अवधि डिसेम्बर 31, 2021 सम्म विस्तृत गरिएको छ। न्यूयोर्कवासीहरूले कभरेजकि लागि न्यूयोर्क स्टेट अफ हेल्थ (NY State of Health), न्यूयोर्कको आधिकारिक स्वास्थ्य योजना बजारस्थानमार्फत वा सिधै बीमाकर्ताहरूद्वारा आवेदन दिन सक्छन्।
- nystateofhealth.ny.gov मा अनलाइनबाट, 1-855-355-5777 मा फोनबाट वा निःशुल्क नामाङ्कन सहायताकर्तासँग सम्बद्ध भई आवेदन दिनुहोस्।

**NY हिरो ऐन (NY HERO Act)**

- न्यूयोर्क स्वास्थ्य र अत्यावश्यक अधिकार ऐन मे 5, 2021 मा कानूनी रुपमा हस्ताक्षर गरिएको थियो। यसमा कर्मचारीहरूलाई COVID-19 जस्ता रोगहरूको सम्पर्कबाट जोगाउनको लागि न्यूयोर्क राज्यको श्रम विभागले नमुना वायुजन्य संक्रामक रोगको सम्पर्क योजना बनाउनुपर्ने हुन्छ।
- सेप्टेम्बर 6, 2021 मा, गभर्नर होचुलले HERO ऐन अन्तर्गत COVID-19 लाई हावाको माध्यमबाट हुने संक्रामक रोगको रूपमा तोकिएको घोषणा गर्नुभयो । यो तोकिएको लागि सबै रोजगारदाताहरूले कार्यस्थल सुरक्षा योजनाहरू लागू गर्नुपर्नेछ।
  - रोजगारदाताहरूद्वारा अपनाईएको योजनाहरू सहित कर्मचारीको स्वास्थ्य स्क्रीनिंग, मास्क लगाउने र सामाजिक दूरीको आवश्यकताहरू, कार्यस्थलको स्वच्छ स्टेशनहरू, कार्यस्थलमा सरसफाईको प्रोटोकल, क्वारेन्टाइन प्रोटोकल, र हावाको वहाव प्रविधिको निर्माण सहित तर यसमा सीमित नरहने गरि विभिन्न सुरक्षा उपायहरूलाई सम्बोधन गर्नुपर्छ।
  - रोजगारदाताहरूले सबै कर्मचारीहरूलाई आफ्नो कार्य सुरक्षा योजनाको वितरण गर्नुपर्ने र प्रत्येक कार्यस्थलभित्र देखिने र प्रमुख स्थानमा पोस्ट गर्नुपर्नेछ।
  - साथै, कानूनले कर्मचारीहरूलाई यी योजनाहरू पालना गर्ने आवश्यकताहरूको प्रतिरोध गर्न, उनीहरूको रोजगारदाताले कानूनको कार्यान्वयन गर्ने बारेमा चिन्ताको रिपोर्टिंग गर्न, वा काम गर्न अस्वीकार गर्नबाट जोगाउँछ।
- सबै निजी क्षेत्रका रोजगारदाता र कामदारहरू समेटिएका छन्।
- मोडल योजनाहरू र HERO ऐनको कार्यान्वयनको अपडेट dol.ny.gov/ny-hero-act मा पाउन सकिन्छ।

# आप्रवास 1/2

**अफगानी शरणार्थी र परोलमा छुट्नेहरूको लागि संसाधनहरू**

- सेप्टेम्बर 16, 2021 मा, न्यूयोर्क राज्यले यो गर्मीमा अमेरिकाको फिर्ता र देशमा सरकार पतन भएको बीचमा अफगानिस्तान छोड्ने 1,143 शरणार्थीहरूलाई स्वागत गर्न सक्छ भनेर गभर्नर होचुल (Hochul) ले घोषणा गर्नुभयो।
- सेप्टेम्बर 30 मा, राष्ट्रपति बिडेनले निम्न सहित अफगानी शरणार्थी र परोलमा छुट्नेहरूलाई सहयोग गर्ने प्रावधानहरू समावेश भएको निरन्तर प्रस्तावमा कानूनमा हस्ताक्षर गर्नुभयो:
    - अफगानी "मानवीय परोलमा छुट्नेहरू" लाई स्वागत गर्ने, प्लेसमेन्ट सहयोग र खानाको सहयोग जस्ता शरणार्थी पुनर्वास सेवाहरू र लाभहरू प्राप्त गर्न योग्य बनाउने
    - संघीय सरकारलाई अफगानी परोलमा छुट्नेहरूको शरणको लागि आवेदनहरूमा छिटो विचार गर्नुपर्ने
    - अफगानी परोलमा छुट्नेहरूलाई REAL ID भएको चालक अनुमतिपत्र र पहिचान पत्रको लागि योग्य बनाउने
- यदि तपाईं विशेष आप्रवासी भिसा (SIV), अफगानी नागरिकहरूको लागि तोकिएको अमेरिकी शरणार्थी प्रवेश कार्यक्रम प्राथमिकता 2, वा मानवीय परोलको लागि आवेदन गर्ने बारेमा प्रश्नहरू भएमा, आप्रवासन वकील वा DOJ द्वारा मान्यता प्राप्त प्रतिनिधिसँग परामर्श गर्नुहोस्।
- शरणार्थी प्रवेश, मानवीय परोल, र निकासीको लागि संसाधनहरू :
    - अन्तर्राष्ट्रिय शरणार्थी सहयोग परियोजना (IRAP) ले आप्रवासनका विकल्पहरूको बारेमा जानकारी खोजिरहेका अफगानीहरू, उनीहरूका साथीहरू, र सहकर्मीहरूको लागि support.iraplegalinfo.org/hc/en-us/articles/4406192539924 मा संसाधन संकलित गरेको छ
    - निकासी चाहिएका अफगानीहरूको लागि संसाधन : bit.ly/2W0FiqM
- पुनर्वास संसाधनहरू :
    - न्यूयोर्क राज्य – I-ARC को अफगान पुनर्वास परियोजना : immigrantarc.org/afghanistan
    - न्यूयोर्क शहर – दारी र पश्तोमा उपलब्ध शहरी सेवाहरूको रोडम्याप सहित : nyc.gov/afghanistanresources
    - पश्चिमी न्यूयोर्क – अफगानी निकास भएकाहरूको लागि बफेलो संयुक्त : wnyrac.org
    - अल्बानी / राजधानी क्षेत्र – संसाधन सूची : bit.ly/3kvWRZd
    - इथाका / फिङ्गर लेक्स क्षेत्र – कोर्नेल अफगानिस्तान संसाधन सूची : bit.ly/3CwfFxy



**वृद्धि भएको शरणार्थीको सीमा**

- सेप्टेम्बर 20 मा बिडेन-ह्यारिस प्रशासनले अक्टोबर 1, 2021 मा सुरु भएको आर्थिक वर्षमा अमेरिका प्रवेश गर्न सक्ने शरणार्थीहरूको संख्या बढाएर 125,000 गर्ने घोषणा गर्नुभयो।
- यद्यपि, सेप्टेम्बर 30 मा समाप्त भएको आर्थिक वर्ष 2021 मा विदेशी शरणार्थी प्रशोधन र अमेरिकी पुनर्वास स्रोतहरूमा कटौती गरिएको कारणले, संयुक्त राज्यले ऐतिहासिक रुपमा कम, 11,445 जना शरणार्थीहरू मात्र स्वीकृत गर्यो।

**DACA को रोकिएको प्रारम्भिक आवेदन**

- जुलाई 16, 2021 मा, टेक्सास संघीय अदालतका न्यायाधीश हानेनले DACA एक कानूनी कार्यक्रम होइन भनेर एउटा निर्णय जारी गर्नुभयो। त्यो निर्णयले DHS लाई कुनै पनि नयाँ पहिलो पटकको DACA आवेदनहरूलाई स्वीकृत गर्नबाट रोक्छ। अहिलेको लागि, DHS ले DACA नवीकरण आवेदनहरू स्वीकृत गर्न जारी राख्न सक्छ।
    - यदि तपाईंसँग अहिले DACA भएमा, तपाईंको स्थिति अझै पनि मान्य छ।
    - यदि तपाईंको DACA चाँडै समाप्त हुँदैछ भने, अहिल्यै नवीकरण गर्नुहोस्!
    - यदि तपाईंले USCIS लाई पहिलो पटक प्रारम्भिक DACA आवेदन पेस गर्नुभएको थियो र अहिलेसम्म प्रदान नगरिएको भएमा, त्यो आवेदन रोकिएको छ। यसलाई अर्को सूचना नभएसम्म प्रशोधन गरिने छैन।
- मुद्दा चलिरहेको छ, त्यसैले कार्यक्रममा थप परिवर्तन हुने सम्भावना छ।

# आप्रवास 2/2

**अस्थायी संरक्षित स्थिति संरक्षित र नयाँ देशहरूमा विस्तारित गरियो**

- बिडेन प्रशासनले भर्खरै भेनेजुएला, बर्मा/म्यानमार, र हैटीका नागरिकहरूको लागि TPS को घोषणा गरेको छ।
  - व्यक्तिहरूले सेप्टेम्बर 9, 2022 सम्म भेनेजुएला TPS को लागि आवेदन दिन सक्छन्।
  - व्यक्तिहरूले नोभेम्बर 25, 2022 सम्म बर्मेली TPS को लागि आवेदन दिन सक्छन्।
  - व्यक्तिहरूले फेब्रुवरी 3, 2023 सम्म हाईटियन TPS को लागि आवेदन दिन सक्छन्
- DHS ले सोमालियाको लागि मार्च 17, 2023 सम्म TPS लाई विस्तार र पुनः डिजाइन गरेको छ।
- DHS ले यमनको लागि मार्च 3, 2023 सम्म TPS लाई विस्तार र पुनः डिजाइन गरेको छ।
- दक्षिणी सुडानको लागि मे 2, 2022 सम्म TPS विस्तार गरिएको छ।
- DHS ले TPS सँग सम्बन्धित कागजातहरूको वैधता एल साल्भाडोर, हैती, निकारागुआ, सुडान, होन्डुरस, र नेपालको लागि तोकेको TPS अन्तर्गत हालको समाप्ति मिति अक्टोबर 4, 2021 बाट डिसेम्बर 31, 2022 सम्म स्वचालित रूपमा विस्तार गरेको छ।
- DHS ले सिरियाको लागि सेप्टेम्बर 30, 2022 सम्म TPS लाई विस्तार र पुनःतोकेको को छ।
- TPS को लागि पहिलो पटक आवेदन दिइरहेका बर्मा/म्यानमार, सोमालिया, सिरिया, भेनेजुएला, हैटी, वा यमनका व्यक्तिहरूले, अब फारम I-821, अस्थायी संरक्षित स्थितिको लागि uscis.gov/i-821 अनलाइनमा आवेदन दर्ता गर्न सक्नुहुन्छ।
- नवीनतम अपडेटको लागि uscis.gov/TPS मा जाँच गर्नुहोस्।



**नयाँ प्रवर्तनको प्राथमिकताहरूले ICE ले कसलाई लक्ष्य बनाउनेछ भन्ने कुरा सीमित गर्छ**

- सेप्टेम्बर 30, 2021 मा, डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी (DHS) ले गिरफ्तारी र हिरासत सहित अध्यागमन कार्यान्वयनको लागि नयाँ निर्देशन जारी गर्यो: ice.gov/doclib/news/guidelines-civilimmigrationlaw.pdf
  - यो ज्ञापनपत्र आधिकारिक रूपमा नोभेम्बर 29, 2021 देखि लागू हुनेछ।
- ICE प्रवर्तनको लागि कसलाई प्राथमिकता दिइएको छ?
  - सरकारले राष्ट्रिय सुरक्षाका लागि खतरा मान्ने वा आतंकवाद वा जासुसी गरेको शंका गरिएकाहरू
  - सरकारले सामान्यतया "गम्भीर आपराधिक आचरण" को कारणले सार्वजनिक सुरक्षाको लागि खतरा मानिएकाहरू
  - गैरकानूनी रूपमा अमेरिका प्रवेश गर्ने प्रयास गर्दा सीमामा पक्राउ परेकाहरू वा नोभेम्बर 1, 2020 पछि गैरकानूनी रूपमा अमेरिकामा प्रवेश गरेपछि पक्राउ परेकाहरू समेत सरकारले सीमा सुरक्षाका लागि खतरा भएको मानिएकाहरू
- यदि माथिका तीनवटा मध्ये कुनै पनि परिस्थितिहरू तपाईं माथि लागू नहुने भएमा, र तपाईं हाल हटाउने कार्यवाहीमा हुनुहुन्छ भने, तपाईं अभियोजनको विवेक भनिने राहत फारमको लागि योग्य हुन सक्नुहुन्छ।
- तपाईं आफ्नो वकीललाई तपाईंको मुद्दामा तोकिएको सरकारी वकीलसँग अभियोजनको विवेकको सम्भावनाको खोजी गर्नलाई भन्न सक्नुहुन्छ। यदि तपाईंसँग आफ्नो मुद्दामा कानुनी प्रतिनिधित्व नभएमा, तपाईं आफ्नो सुनुवाईमा सरकारी वकिललाई तपाईं अभियोजनको विवेकको लागि योग्य हुनुहुन्छ कि भनेर सोध्न सक्नुहुन्छ। तपाईंले एकजना वकील प्राप्त गर्न सक्नुहुन्छ कि भनेर कानूनी परामर्श प्राप्त गर्नको लागि :
  - NYS निवासीहरू: 1-800-566-7636 मा नयाँ अमेरिकी हटलाइनको कार्यालयमा कल गर्नुहोस्
  - NYS निवासीहरू: 311 मा कल गरेर शहर अनुदान, निःशुल्क र सुरक्षित कानूनी मद्दतको लागि "ActionNYC" भन्नुहोस्

# शिक्षा

**स्कूलमा फर्कने 2021-22 को लागि संसाधनहरू, अंग्रेजी सिक्ने विद्यार्थीहरूको परिवार, र कागजात नभएका विद्यार्थीहरूको लागि कलेज पहुँच अब उपलब्ध छ।**

### स्कूलमा फर्कने 2021-22

- न्यूयोर्क राज्य शिक्षा विभागले स्कूलहरू र जिल्लाहरूलाई उनीहरूले नयाँ स्कूल वर्षको लागि तयारी गर्दा सहयोग गर्नको लागि, CDC र बच्चाहरूको डाक्टरको अमेरिकी एकेडेमीको मार्गनिर्देशनमा आधारित एउटा सारांश गाइड जारी गरेको छ। गाइड यहाँ हेर्नुहोस्: bit.ly/3CCSp13
- परिवारहरूलाई NYSED को स्वागत पत्र यहाँ हेर्नुहोस् : conta.cc/3tnktCc
- गभर्नर होचुलले स्कूल र स्कूल बसहरूमा, खोपको जेसुकै स्थिति भए पनि, सबैको लागि विश्वव्यापी रुपमा मास्क लगाउने नीतिको घोषणा गर्नुभएको छ।
- सबै शिक्षक, प्रशासक, र विद्यालयका अन्य कर्मचारीहरूले खोपको प्रमाण नदेखाएसम्म उनीहरूले साप्ताहिक रुपमा COVID-19 को जाँच गराउनुपर्छ।

### अंग्रेजी सिक्ने विद्यार्थीहरूको परिवारको लागि संसाधनहरू

- अंग्रेजी भाषाका शिक्षार्थीहरू (ELLs) लाई राम्रोसँग सेवा दिइरहेको सुनिश्चित गर्नको लागि सूचित भइरहनु महत्वपूर्ण छ। न्यूयोर्क राज्य शिक्षा विभागले अंग्रेजी भाषा शिक्षार्थीका अभिभावकहरूको अधिकारको मस्यौदा बनाएको छ जसले ELLs र उनीहरूका अभिभावकहरूको लागि शैक्षिक पहुँच र प्रोग्रामिंगको बारेमा महत्वपूर्ण अधिकारको सारांश प्रस्तुत गर्छ: bit.ly/3EJd0Td
  - जानकारी अरबी, बंगाली, चिनियाँ (सरलीकृत), चिनियाँ (परम्परागत), अंग्रेजी, फ्रेन्च, हैतीयन क्रियोल, करेन, नेपाली, रूसी, स्पेनिश, यूक्रेनी, र उर्दूमा उपलब्ध छ।
  - यदि तपाईंसँग प्रश्न वा चिन्ताहरू भएमा तपाईं ELL अभिभावक हटलाइनलाई 800-469-8224 मा फोन गर्न सक्नुहुन्छ।

### NYS ड्रीम कानून

- सिनेटर जोसे पेराल्टा न्यूयोर्क राज्य ड्रीम कानूनले दस्तावेज नगरिएका र अन्य विद्यार्थीहरूलाई उनीहरूको उच्च शिक्षाका खर्चहरूलाई सहयोग गर्ने NYS द्वारा प्रशासित अनुदान र छात्रवृत्तिमा पहुँच प्रदान गर्छ।
- थप जानकारीको लागि वा निवेदन दिनको लागि hesc.ny.gov/dream मा जानुहोस्

### कागजातविहीन विद्यार्थीहरूको लागि कलेजमा पहुँचको संसाधनहरू

- कागजात नभएका हाई स्कूल र कलेजका विद्यार्थीहरूलाई उनीहरूको भविष्यको बारेमा सूचित निर्णय गर्नको लागि, र DACA भएका र नभएका दुबैलाई आफ्नो लागि वकालत गर्नको लागि आवश्यक उपकरणहरू प्राप्त गर्नको लागि सूचित आप्रवासीको नयाँ गाइडले संसाधन र जानकारी प्रदान गर्दछ: informedimmigrant.com/guides/students
- बेस्ट कलेजस् ले हालै DACA र कागजात नभएको विद्यार्थीहरूको लागि हालको सबैभन्दा ताजा अपडेटको आधारमा कलेज गाइड प्रकाशन गरेको छ : bestcolleges.com/resources/undocumented-students/college-guide

### बच्चाको कर क्रेडिट

- जुलाई 15, 2021 देखि शुरु हुने गरि, 18 वर्ष भन्दा कम उमेरका बच्चाहरूको आमाबुवाहरूले परिवारलाई बच्चा हुर्काउन वहन गर्ने दैनिक खर्चमा सहयोग पुर्याउने उद्देश्य सहित बच्चाको कर क्रेडिट (Child Tax Credit) मार्फत सरकारबाट मासिक भुक्तानी प्राप्त गर्न थाल्नेछ।
- तपाईंको बच्चा वा आश्रितको सामाजिक सुरक्षा नम्बर हुनुपर्नेछ र अमेरिकी नागरिक, अमेरिकी राष्ट्रियता वा स्थायी बासिन्दा हुनुपर्नेछ।
- कुनै पनि आम्दानी नगर्ने वा कुनै पनि कर तिर्नु नपर्ने भए तापनि आफ्ना बच्चाहरूलाई उनीहरूको कर फिर्तामा आश्रितको रूपमा दावी गर्ने अभिभावकहरूले लाभ प्राप्त गर्नेछन्।
- थप जानकारीको लागि वा तपाईंको योग्यता जाँच गर्नको लागि, irs.gov/childtaxcredit मा जानुहोस्
- NYC का बासिन्दाहरू :
  - आफ्नो योग्यता निर्धारण गर्नको लागि ACCESS NYC टुलको प्रयोग गर्नुहोस् : access.nyc.gov/programs/child-tax-credit-ctc
  - 2019 वा 2020 को आफ्नो करहरू नतिरेका परिवारहरूले यदि उनीहरूले $68,000 वा कम कमाएमा 2020 को कर नि:शुल्क तिर्नको लागि NYC Free Tax Prep प्रयोग गर्न सक्छन् : nyc.gov/taxprep

# प्रजातन्त्र




**निर्वाचनको दिन मंगलबार, नोभेम्बर 2 हो! मतदान स्थलहरू बिहान 6 बजे देखि राति 9 बजे सम्म खुला रहनेछन्।**

**प्रारम्भिक मतदान शनिबार, अक्टोबर 23 देखि आइतबार, अक्टोबर 31 सम्म उपलब्ध छ । समय र स्थानहरूको लागि आफ्नो स्थानीय निर्वाचन बोर्डसँग जाँच गर्नुहोस्।**

**सामान्य चुनावहरू: नोभेम्बर 2, 2021**

- आफ्नो दर्ताको स्थिति जाँच गर्न, आफ्नो मतदान साइटको स्थान पत्ता लगाउन, र आफ्नो मतपत्रमा कुन उम्मेदवारहरू छन् भनेर हेर्नको लागि voterlookup.elections.ny.gov मा जानुहोस्।
- न्यूयोर्क राज्यको संविधानमा प्रस्तावित परिवर्तनहरूको सम्बन्धमा यो वर्ष पाँचवटा मतपत्र प्रस्तावहरू पनि छन्:
    - प्रस्ताव 1 ले राज्यभरि प्रतिनिधित्व निर्धारण गर्ने पुन: वितरण प्रक्रियालाई सुधार गर्नेछ।
    - प्रस्ताव 2 ले सबै न्यूयोर्कवासीहरूलाई स्वच्छ हावा, सफा पानी, र स्वस्थ वातावरणको अधिकार प्रदान गर्नेछ।
    - प्रस्ताव 3 ले राज्य व्यवस्थापिकालाई न्यूयोर्कवासीहरूलाई मतदानको लागि दर्ता गर्न थप समय दिने नयाँ कानूनहरू पारित गर्न अनुमति दिनेछ।
    - प्रस्ताव 4 ले राज्य व्यवस्थापिकालाई धेरै न्यूयोर्कवासीहरूलाई बिना कुनै बहाना हुलाकद्वारा मतदान गर्ने विकल्प दिने नयाँ कानूनहरू पारित गर्न अनुमति दिनेछ।
    - प्रस्ताव 5 ले NYC नागरिक अदालतहरूलाई $25,000 को सट्टा $50,000 सम्मको दावीको सुनुवाई गर्न र निर्णय गर्न अनुमति दिनेछ।
- मतदाताहरूले प्रत्येक प्रस्तावमा "हो" वा "होइन" मा मतदान गर्न सक्नेछन्। यदि न्यूयोर्क राज्यका मतदाताहरूको बहुमतले "हो" मा मतदान गरेमा परिवर्तनहरू जनवरी 1, 2022 देखि लागू हुनेछन्।
- मतपत्र प्रस्तावहरूको बारेमा voting.nyc/proposals मा थप जान्नुहोस्
- अक्टोबर 23-31: प्रारम्भिक मतदान
- नोभेम्बर 1: अनुपस्थित मतपत्रको लागि व्यक्तिगत आवेदन गर्नको लागि अन्तिम दिन।
- नोभेम्बर 2: पोस्टमार्क मतपत्रको लागि अन्तिम दिन। चुनावको स्थानीय बोर्डद्वारा नोभेम्बर 9 भन्दा अघि प्राप्त गर्नुपर्नेछ। सैन्य मतदाता मतपत्र नोभेम्बर 15 भन्दा अघि प्राप्त गर्नुपर्नेछ।
- नोभेम्बर 2: स्थानीय निर्वाचन आयोग वा तपाईंको काउन्टीको कुनै पनि मतदान स्थलमा व्यक्तिगत रुपमा मतदान गर्ने अन्तिम दिन।
- नोभेम्बर 2: मतदान बिहान 6 बजे देखि राति 9 बजे सम्म खुला हुनेछ।

**मतदान दिनको लागि दर्ता गर्नुहोस्**

- चुनावहरूको NYS बोर्ड: www.elections.ny.gov/VotingRegister.html
- चुनावहरूको NYC बोर्ड: vote.nyc/page/register-vote
- अनलाइन दर्ता गर्नुहोस् (तपाईंसँग NYS चालक इजाजतपत्र, अनुमति वा गैर-चालक आइडी भएमा): voterreg.dmv.ny.gov/MotorVoter

**चुनावहरूमा तपाईंको अधिकारहरू**

- मतदाताहरू न्यूयोर्क सिटीमा बाहेक आफू बसोबास गर्ने र मतदाताहरूलाई एउटा प्रारम्भिक मतदान साइटमा ठेगानाबाट निर्दिष्ट गरिने काउण्टीमा रहेको कुनै पनि प्रारम्भिक मतदान केन्द्रहरूमा उहाँहरू जान सक्नुहुन्छ।
- यदि तपाईं आफू मतदानको लागि योग्य हुनुहुन्छ भन्ने विश्वास गर्नुहुन्छ र मतदानको लागि समयमै दर्ता गर्नुभएको छ, तर तपाईंको नाम मतदाता नामावलीमा फेला पार्न नसकिएमा, तपाईंले अस्थायी वा शपथपत्रको लागि अनुरोध गर्न सक्नुहुन्छ।
- तपाईं पहिलो पटक मतदाता भएतापनि तपाईंसँग पोलहरूमा उपस्थित आइडी हुँदैन।
- तपाईं घरबारविहीनता अनुभव गर्दै हुनुहुन्छ भने तपाईं अझैपनि मतदान गर्न सक्नुहुन्छ।
- केही परिस्थितिहरूमा, तपाईंलाई अपराधि मानिएको छ भने तपाईं अझैपनि मतदान गर्न योग्य हुन सक्नुहुन्छ।
- थप योग्यता आवश्यकताहरूको लागि: nyccfb.info/nyc-votes/how-to-vote/know-your-rights
- न्यूयोर्क राज्यमा केही कर्मचारीहरू मतदान गर्नको लागि दुई घण्टासम्म सशुल्क समयको बिदा पाउन योग्य छन्। तपाईं योग्य हुनुहुन्छ कि भनेर हेर्नको लागि जाँच गर्नुहोस् : www.elections.ny.gov/NYSBOE/elections/TimeOffToVoteFAQ.pdf

# अर्थव्यवस्था 1/2

**COVID-19 आर्थिक क्षति प्रकोप ऋणका अपडेटहरू**


- COVID-19 आर्थिक क्षति प्रकोप ऋण (EIDL), लघु व्यवसाय प्रशासनद्वारा प्रस्ताव गरिएको कम ब्याजको ऋण उत्पादनलाई, $500,000 बाट अधिकतम ऋण रकम $2 मिलियन सम्म बढाउन अपडेट गरिएको छ।
- 31 जनवरी, 2020 मा वा त्यसभन्दा अघि सञ्चालनमा रहेका 500 जना भन्दा कम कर्मचारीहरू भएका व्यवसायहरू योग्य छन्।
- पहिलो 24 महिनाको लागि भुक्तानी स्थगित गरिएको ऋणको अवधि 30 वर्ष हुन्छ।
- पेरोल, भाडा / धितो, उपयोगिताहरू, र अन्य सामान्य व्यापार खर्चहरू, र कुनै पनि बेला (विगत, वर्तमान, वा भविष्य) व्यवसायिक ऋण भुक्तानी गर्न लगायत सञ्चालन खर्चहरूको लागि नियमित भुक्तानी गर्नको लागि कार्यशील पुँजीको लागि ऋण प्रयोग गर्न सकिन्छ।
- EIDL को बारेमा थप जानकारीको लागि, sba.gov/eidl मा जानुहोस्, 800-659-2955 (TTY: 800-877-8339) मा फोन गर्नुहोस् वा DisasterCustomerService@sba.gov मा इमेल गर्नुहोस्
- covid19relief.sba.gov मा EIDL को लागि आवेदन दिनुहोस्

**PPP ऋणको माफी**

- लघु व्यवसाय प्रशासनले सहभागी ऋणदाताहरू मार्फत $150,000 वा सोभन्दा कमको पेचेक संरक्षण कार्यक्रम (Paycheck Protection Program) को ऋण मार्फत ऋण लिनेहरूलाई SBA मार्फत सोझै माफीको लागि आवेदन दिन अनुमति दिनको लागि एउटा सुव्यवस्थित आवेदन पोर्टल सुरु गरेको छ।
- व्यवसाकाय मालिकहरूले directforgiveness.sba.gov मा पोर्टलमा पहुँच गर्न सक्छन् वा SBA को ग्राहक सेवा लाइन 877-552-2692 मा फोन गर्न सक्छन्।

**NY फर्वार्ड ऋण कोष**

- NY फर्वार्ड ऋण कोष 50 जना भन्दा कम कर्मचारीहरू भएका साना व्यवसायका मालिकहरू, गैर नाफामुखीहरू र साना जग्गाधनीहरूलाई सहयोग गर्ने आर्थिक रिकभरी ऋण कार्यक्रम हो।
- यो ऋण पेचेक सुरक्षा कार्यक्रम वा आर्थिक क्षति प्रकोप ऋण कार्यक्रममा पहुँच नभएका, $5 मिलियन भन्दा कम कुल राजस्व भएका, र आवेदनको मितिके कम्तिमा एक वर्षदेखि सञ्चालनमा रहेका व्यवसायहरूको लागि खुला छ।
- ऋणको रकम $100,000 सम्म वा COVID-19 को प्रकोप हुनु अघि तीन महिनामा औसत मासिक राजस्वको 100% हुन्छ। ऋणको अवधि 5 वर्षको हुन्छ।
- आयहरूलाई कार्यशील पूँजी, सामान, मार्केटिङ, नयाँ सामाजिक दूरी मार्गनिर्देशनहरूको लागि पुनः फिटिंग गर्ने, सञ्चालन र आपतकालीन मर्मत, सम्पत्ति कर, उपयोगिताहरू, भाडा, आपूर्ति, आदिका लागि प्रयोग गर्नुपर्नेछ।
- थप जानकारीको लागि र आवेदन गर्नको लागि, esd.ny.gov/nyforwardloans-info मा जानुहोस्



**Hurricane Ida बाट प्रभावित न्यूयोर्कवासीहरूलाई SBA विपद सहयोग**

- लघु व्यवसाय प्रशासनले Hurricane Ida-बाट प्रभावित न्यूयोर्क राज्यका व्यवसायहरूको लागि कम ब्याजको विपद ऋण प्रदान गरिरहेको छ।
- कुनैपनि आकारको व्यवसाय र निजी गैर-नाफामुलक संस्थाहरूले प्रकोपको कारणले क्षतिग्रस्त वा नष्ट भएको अचल सम्पत्ति, मेसिनरी र उपकरण, सामाग्री, र अन्य व्यापारिक सम्पत्तिहरूलाई मरम्मत गर्न वा प्रतिस्थापन गर्नको लागि 2 मिलियन डलरसम्म सापटी लिन सक्नेछन्।
- आवेदकहरूले SBA को सुरक्षित वेबसाइट disasterloanassistance.sba.gov मार्फत इलेक्ट्रोनिक ऋण आवेदन (ELA) प्रयोग गरेर अनलाइन आवेदन दिन सक्छन्, र SBA घोषणा #17147 बमोजिम आवेदन दिनुपर्नेछ।
- व्यवसाय र व्यक्तिहरूले SBA को ग्राहक सेवा केन्द्रलाई 1-800-659-2955 मा फोन गरेर पनि जानकारी लिन र ऋणको आवेदन प्राप्त गर्न सक्नेछन्।

# अर्थव्यवस्था 2/2

**मुख्य गरि NYC को लागि**

- अगस्त 17 बाट शुरु हुने गरि, न्यूयोर्क शहरमा 12 वर्ष भन्दा माथिका मानिसहरूले इनडोर डाइनिंग, इनडोर फिटनेस, र इनडोर मनोरन्जनको लागि COVID-19 खोपको कम्तिमा एक डोजको प्रमाण देखाउनुपर्नेछ। यसको अर्थ यी स्थानहरूमा कर्मचारीहरूले खोप लगाएको हुनु पर्छ भन्ने पनि हो । यो नीति सेप्टेम्बर 13 देखि लागू हुनेछ।
- थप जानकारी र अनुवाद गरिएको पोस्टरहरू र साना व्यवसायहरूको लागि गाइडको लागि nyc.gov/keytonyc मा जानुहोस्

**NYS महामारी सानो व्यवसाय रिकभर गर्न अनुदान**

- न्यूयोर्क राज्यले मार्च 1, 2019 मा वा सोभन्दा अघिदेखि संचालित COVID-19 महामारीले असर गरेको साना व्यवसायहरूको लागि अनुदान कार्यक्रम घोषणा गरेको छ। 2019 को कुल रसीदमा निर्भर रहेर अनुदानको रकम $5,000 देखि $5,000 सम्म हुनेछ।
- आवेदनहरू अब खुल्ला छन्! nysmallbusinessrecovery.com मा आवेदन गर्नुहोस्।
- अनुदानलाई COVID-19 सँग सम्बन्धित क्षतिहरू वा मार्च 1, 2020 देखि अप्रिल 1, 2021 को बीचमा भएको खर्चको लागि प्रयोग गर्नुपर्नेछ।
- तपाईको क्षेत्रमा तपाईंलाई नि:शुल्क रुपमा निवेदनको लागि तपाईंलाई सहयोग गर्ने संस्था खोज्नको लागि: nysmallbusinessrecovery.com/partners/county



**रेस्टुरेन्टमा फर्केर आउने कर क्रेडिट**

- न्यूयोर्क शहर वा न्यूयोर्क राज्यको कुनै पनि क्षेत्र भित्र NYS स्वास्थ्य विभागले लगातार 30 दिनसम्म सुन्तला वा रातो क्षेत्र तोकेको सानो, स्वतन्त्र स्वामित्व वाले रेष्टुरेन्टहरू लागि।
- यो $35 मिलियनको कार्यक्रमले COVID द्वारा प्रभावित रेष्टुरेन्टहरूलाई रेष्टुरेन्टका कर्मचारीहरूलाई काममा फर्काउन, र NYS रेस्टुरेन्टहरूमा नियुक्ति बढाउनको लागि प्रोत्साहन प्रदान गर्छ।
- योग्य व्यवसायहरू प्रति व्यवसाय $50,000 सम्म, प्रति नयाँ नियुक्त गरेको कामदार $5,000 कर क्रेडिटको लागि योग्य हुन्छन्।
- थप जानकारीको लागि esd.ny.gov/restaurant-return-work-tax-credit मा जानुहोस्

**बहिष्कार गरिएको कामदारहरूको कोष**

- न्यूयोर्क राज्यको पहिलो राष्ट्रको बहिष्कृत श्रमिक कोष सकिने अवस्थाको नजिक छ। श्रम विभाग (DOL) ले अब उप्रान्त अक्टोबर 8, 2021 को साँझ 7:30 बजे देखि लागू हुने गरि बहिष्कृत श्रमिक कोषको लागि नयाँ आवेदनहरू स्वीकार गरेने छैन।
  - त्यो म्याद भन्दा पहिले दायर गरिएका आवेदनहरू प्राप्त भएकोमा त्यसको प्रक्रिया जारी रहनेछ।
  - पहिले नै पूर्ण आवेदन पेश गरिसकेका आवेदकहरूले छन् स्थिति हेर्न वा अनुरोधहरूको जवाफ हेर्नको लागि अझै पनि आफ्नो खातामा पहुँच गर्न सक्नेछन्।
  - सेप्टेम्बर 24 पछि आवेदन गर्ने व्यक्तिहरूको लागि कोष उपलब्ध हुनेछ भनेर DOL ले ग्यारेन्टी दिन सक्दैन।
- अक्टोबर 21 सम्म, 120,000 भन्दा बढी दावीहरू स्वीकृत गरिएका छन्, कुल $1.7 बिलियन भन्दा बढी लाभहरू भुक्तानी गरिएका छन्।
- अधिवक्ताहरूले गभर्नर होचुललाई थप बहिष्कृत श्रमिकहरूलाई कभर गर्न कोषको पुन:पूर्ति गर्न आह्वान गरिरहेका छन् । थप जानकारी र अपडेटहरूको लागि, fundexcludedworkers.org मा जानुहोस्

# आफ्ना अधिकारहरू थाहा पाउनुहोस्



**समुदायका सदस्य र सहयोगीहरू आप्रवासन तथा भन्सार प्रवर्तन (ICE) र अन्य कानूनि प्रवर्तनसँग कारोबार गर्ने बेलामा आफ्नो अधिकारहरूको बारेमा सचेत हुनुपर्छ।**

**ICE सँग अन्तरक्रिया गर्दै**

- ICE ले तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्तिलाई सम्पर्क गर्नुहुन्छ भने, निम्न कुराहरूको नोट लिनुहोस्:
  - कहिले र कहाँ भएको थियो?
  - ICE का एजेन्टहरूले आफूलाई कसरी प्रस्तुत गर्नुभयो?
  - उहाँहरूले आफू प्रहरी भएको बताउनुभयो वा आफ्नो पहिचान दिन अस्वीकार गर्नुभयो?
  - ICE का एजेन्टहरूले के-के भन्नुभयो?
  - के उहाँहरूले घरमा प्रवेश गर्नका लागि झूट बल्नुभयो, कसैलाई धम्काउनुभयो वा मौखिक वा शारीरिक दबाब प्रयोग गर्नुभयो?
  - के स्वीकृति दिइएको थियो?
  - प्रवेश गर्न वा खोज तलासी गर्न स्वीकृति दिइएको थिएन भने, ICE एजेन्टहरूले कस्तो प्रतिक्रिया जनाउनुभयो?
- कानूनसँगको कुनै पनि प्रतिक्रियामा वा आप्रवासी प्रवर्तनमा, सम्झनु पर्ने एकमदै महत्त्वपूर्ण अभ्यासहरू निम्न छन्:
  - शान्त रहनुहोस्
  - निःशब्द रहनुहोस् (तपाईंको जन्म कहाँ भएको थियो वा US मा तपाईं कसरी प्रवेश गर्नुभयो भन्ने कुरा उल्लेख नगर्नुहोस्)
  - विवरण तथा नामहरू रेकर्ड गर्नुहोस्
  - नभाग्नुहोस्
  - कुनै पनि कागजातहरू हस्ताक्षर गर्नु अगडि वा कुनै पनि प्रश्नहरूको जवाफ दिनु अगाडि आफ्नो वकीलसँग कुरा गर्न अनुरोध गर्नुहोस्
  - तपाईं बोल्नुहुन्छ भने, झूट नबोल्नुहोस्
  - तपाईंको घरमा सार्वजनिक स्थानहरूमा नहुने विशेष सुरक्षाहरू हुन्छन्। सार्वजनिक र निजी खाली ठाउँ बीचको फरक बुझ्नाले तपाईंलाई तपाईंको दैलोमा आप्रवासी प्रवर्तनसँगको तनावपूर्ण सामनाहरू नेभिगेट गर्नमा र सम्भावित रूपमा हानी हुनबाट बचाउनमा मद्दत गर्न सक्छ।

**सम्वेदनशील स्थानहरू**

- त्यहाँ निश्चित प्रकारका ठाउँ र अवस्थाहरू छन् जहाँ ICE ले सामान्यतया आप्रवासी प्रवर्तन सञ्चालन गर्दैन। यिनीहरूलाई "सम्वेदनशील स्थानहरू" भनिन्छ।
- सम्वेदनशील स्थानहरूको उदाहरणहरूमा निम्न समावेश हुन्छन्: विद्यालय, अस्पताल र धार्मिक संस्थाहरू; र विवाह, सार्वजनिक प्रदर्शनहरू र क्रियाकर्महरू जस्ता सार्वजनिक समारोहहरू।
- यो ICE नीति हो र कुनै पनि समयममा परिवर्तन हुन सक्छ भन्ने कुरा जान्न महत्त्वपूर्ण छ।
- डिसेम्बर 15, 2020 मा, गभर्नर Cuomo ले संघीय आप्रवास प्रवर्तनले आप्रवासीहरूलाई सहर र अन्य नगरीय अदालतहरू सहित न्यूयोर्क राज्य अदालतहरूमा उपस्थित हुनबाट रोकेको थियो भन्ने दीर्घकालीन सरोकारहरू सम्बोधन गर्नका लागि हाम्रो अदालतहरूको सुरक्षा गर्नुहोस् ऐनमा हस्ताक्षर गर्नुभएको थियो।
- अब, ICE ले अब उपरान्त मानिसहरूलाई राज्य, सहर र नगरीय अदालत गृहहरूमा गिरफ्तार गर्न सक्दैन र उनीहरूले अब उपरान्त न्यायिक अधिपत्रहरूबिना राज्य, सहर र नगरीय अदालत गृहहरूमा जाने वा निस्कने मानिसहरूलाई गिरफ्तार गर्न सक्दैन।

**छापा रिपोर्ट गर्नका लागि, आप्रवासी प्रतिरक्षा प्रोजेक्ट (IDP) लाई 212-725-6422 मा कल गर्नुहोस्।**

**आप्रवासी बारे जानकारी र रिफेरलहरूका लागि, नयाँ अमेरिकीहरूका लागि NYS कार्यालयलाई 1-800-566-7636 मा कल गर्नुहोस्।**

# घृणा अपराधहरू

**हालसालैका महिनाहरूमा, आप्रवासी समुदायका सदस्यहरू विरूद्ध घृणा अपराधका रिपोर्टहरू बढिरहेका छन्।**

**घृणा अपराध भनेको के हो?**

- घृणा अपराध भनेको पक्षपातद्वारा प्रेरित गरिने आक्रमण हो।
- संग्रह वा उनीहरूको जात, राष्ट्रिय मूल, वंश, लिङ्ग, धर्म धार्मिक अभ्यास, उमेर, असक्षमता वा यौन झुकावको कारणले पीडितलाई निशाना बनाएर निर्दिष्ट गरिएको अपराधको सेटमध्ये एउटा अपराध गर्दा वा उक्त प्रकारको संग्रह वा विश्वासको नतिजाको रूपमा त्यस्ता कार्य गर्दा व्यक्तिले घृणा अपराध गर्छ।
- गभर्नर Cuomo ले न्यूयोर्क राज्यभर पक्षपातद्वारा प्रेरित धम्कीहरू, उत्पीडन तथा हिंसाको रिपोर्टहरूका बढावलाई कम गर्नका लागि घृणा अपराधसम्बन्धी कार्य दलको सिर्जना गर्नुभएको छ।
- घृणा अपराधहरू रिपोर्ट गरिसकेपछि, तपाईंको अनुभव, पहिचान र अन्य सम्बन्धी सबै जानकारी गोप्य रहन्छ।

**तपाईंले केही कुरा देख्नुहुन्छ भने वा घृणा अपराधको पीडित हुनुहुन्छ भने, त्यसो बारेमा प्रहरी कहाँ रिपोर्ट गर्नुहोस् र NYS मानव अधिकार विभागलाई कल गर्नुहोस्। 1-888-392-3644 मा कल गर्नुहोस् वा 81336 लाई "HATE" टेक्स्ट गर्नुहोस्।**

**तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्ति अपराधको शिकार भएमा, NYS पीडित सेवाहरूको कार्यालयले चिकित्सा बिलहरू, परामर्श खर्चहरू, समाधि तथा क्रियाक्रमका लागतहरू, गुमेका ज्यालाहरू र अन्य प्रकारका सहायतामा मद्दत गर्न सक्षम हुनसक्छ। 1-800-247-8035 मा कल गर्नुहोस् वा ovs.ny.gov मा जानुहोस्।**


**NYC का निवासीहरू र वरिपरिका काउण्टीहरूका लागि**

NYC भित्र:

- सार्वजनिक अधिवक्ता
  - 212-669-7250
- Manhattan डिस्ट्रिक्टको वकील
  - 212-335-3100
  - manhattanda.org/victim-resources/hate-crimes
- Brooklyn डिस्ट्रिक्टको वकील
  - 718-250-4949
  - brooklynda.org/hate-crimes-bureau
- Queens डिस्ट्रिक्टको वकील
  - 718-286-6000
- NYC मानव अधिकार आयोग
  - 718-722-3131
  - nyc.gov/cchr
- Safe Horizon पीडित सहायता
  - 1-866-689-4357

NYC बाहिर:

- Nassau काउण्टी डिस्ट्रिक्टको वकील
  - 526-571-3505
  - nassauda.org
- Nassau काउण्टी डिस्ट्रिक्टको वकील, आप्रवासन मामिला कार्यालय
  - 516-571-7756
- Nassau काउण्टी कार्यकारी Laura Curran
  - 516-571-3131
- Suffolk काउण्टी डिस्ट्रिक्टको वकील
  - 631-853-4161
  - suffolkcountyny.gov/da
- Suffolk काउण्टी प्रहरी विभाग, घृणा अपराधहरूको यूनिट
  - 631-852-6323
- Suffolk काउण्टी, अल्पसङ्ख्यक मामिला विभाग
  - 631-853-4738
- Westchester काउण्टी, मानव अधिकार आयोग
  - 914-995-7710
  - humanrights.westchestergov.com



# NYS संसाधनहरू



**नयाँ अमेरिकीहरूका लागि NYS कार्यालय**

- तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्तिलाई निःशुल्क कानूनी सहायताको आवश्यकता भएमा, हटलाइलाई 1-800-566-7636 मा कल गर्नुहोस्। सबै कलका जानकारी गोपनीय हुन्छन्। 200+ भाषाहरूमा सहायता उपलब्ध छन्।

**NYS स्वास्थ्य विभाग**

- कोभिड-19 माहामारीको बारेमा नवीनतम जाकारीका लागि, हटलाइनलाई 1-888-364-3065 मा कल गर्नुहोस् वा ny.gov/coronavirus मा जानुहोस्।
- न्यूयोर्कमा कोभिड-19 खोपको बारे ny.gov/vaccine मा तथ्यहरू प्राप्त गर्नुहोस्।
- स्वास्थ्य कभरेजको लागि आवेदन दिनुहोस्: 1-855-355-5777 मा nystateofhealth.ny.gov जानुहोस्।

**NYS मानसिक स्वास्थ्य कार्यालय**

- मानसिक स्वास्थ्य सेवाहरूका बारेमा प्रश्नहरूको लागि वा मानसिक स्वास्थ्य सेवा प्रदाय खोज्नका लागि, 1-800-597-8481 मा कल गर्नुहोस् वा omh.ny.gov मा जानुहोस्।
- तपाईंले कोरोनाभाइरस आपतकालीनको कारण व्यग्रता महसुस गर्नुभएको छ भने, 1-844-863-9314 मा सम्पर्क गर्नुहोस्।
- राष्ट्रिय आत्महत्या रोकथाम लाइफलाइन: तपाईं वा अन्य कुनै व्यक्तिको जीवनमा आसन्न खतरामा भएमा, 911 मा कल गर्नुहोस्। तपाईं संकटमा हुनुहुन्छ र तुरुन्तै मद्दतको आवश्यकता परेमा, 1-800-273-8255 मा कल गर्नुहोस् वा 741-741 लाई "GOT5" लेखेर टेक्स्ट गर्नुहोस्।
- घरेलु हिंसा: सम्बन्धमा हुने तपाईं वा अन्य कोहीलाई अर्को व्यक्तिद्वारा मौखिक, शारीरिक वा मौन दुर्व्यवहार वा अन्य रणनीतिमार्फत नियन्त्रित गरिएको छ भने, NYS घरेलु हिंसा हटलाइनलाई 1-800-942-6906 मा कल गर्नुहोस्।

**NYS श्रम विभाग**

- श्रम विभाग कामदारहरूको सुरक्षा तथा स्वास्थ्य, ज्याला र कार्यको अवस्थाहरूको सुरक्षा गर्न र प्रवर्द्धन गर्न प्रतिबद्ध छ।
- ज्याला तथा काम गर्ने समयसम्बन्धी कानून, कार्यस्थलको स्वास्थ्य तथा सुरक्षाको बारेमा जानकारीका लागि वा उजुरी दायर गर्नका लागि, 1-888-469-7365 मा कल गर्नुहोस् वा dol.ny.gov/safety-and-health मा जानुहोस्।
- बेरोजगारी बीमामा मद्दतका लागि, 1-888-209-8124 मा कल गर्नुहोस् वा dol.ny.gov/unemployment/unemployment-insurance-assistance.

**NYS मानव अधिकार विभाग**

- न्यूयोर्कमा मानव अधिकार कानूनले रोजगार, आवास, ऋण, शिक्षा जस्ता क्षेत्रहरूमा र सार्वजनिक आवासहरूको स्थान, उमेर, जात, राष्ट्रिय मूल, यौन, यौन झुकाव, लिङ पहिचान वा हावभाव, वैवाहिक स्थिति, असक्षमता, मिलिटरी स्थिति र अन्य कक्षाहरूमा भेदभावलाई निषेध गर्छ।
- तपाईंलाई भेदभाव गरिएको छ जस्तो महसुस हुन्छ भने, 1-888-392-3644 उजुरी दायर गर्नुहोस् वा dhr.ny.gov मा जानुहोस्।

**न्यूयोर्क सिटी कोभिड-19 संसाधनहरू**

- सेवा प्रदायकहरू वा अन्य संसाधनहरू खोजिरहनुभएका NYC का निवासीहरूले निर्देशिकाहरू तल फेला पार्न सक्नुहुन्छ:
  - शिक्षा: nyic.org/covid-education-resources
  - रोजगारी: nyic.org/covid-employment-resources
  - आर्थिक: nyic.org/covid-financial-resources
  - खाद्यान्न: nyic.org/covid-food-resources
  - स्वास्थ्यस्याहार: nyic.org/covid-healthcare-resources
  - साना व्यवसाय: nyic.org/covid-small-business-resources

तपाईंसँग यस टुलकिटको बारेमा प्रश्न वा टिप्पणीहरू भएमा वा यसको बारेमा जानकारी भएमा, कृपया निम्नमा सम्पर्क गर्नुहोस्:

Bryan Lee
blee@nyic.org

यो कागजातलाई अनलाईन वा अन्य भाषाहरूमा हेर्नको लागि, nyic.org/KYR मा जानुहोस् वा यो कोडलाई स्क्यान गर्नुहोस्:

न्यूयोर्क इमिग्रेशन कोलिसन (NYIC) भनेको न्यूयोर्कभरको 200 भन्दा बढी आप्रवासी र शरणार्थीको अधिकार समूहहरूलाई प्रस्तुत गर्ने अम्ब्रेला नीति र वकालत संगठन हो।

हामी न्यू योर्क राज्य बलियो भएको कल्पना गर्छौं किनभने सबै मानिसलाई स्वागत,निष्पक्ष रूपमा उपचार, र उहाँहरूको सपनाहरू अनुसरण गर्ने मौका दिइयो। हाम्रो उद्देश्य भनेको आप्रवासी, सदस्य र सहयोगीहरूलाई एकताबद्ध गराउनु हो जसकारण सबै न्यूयोर्कवासीहरू सफल हुन सक्छन्।

**New York Immigration Coalition**
131 W 33rd St, Ste 610
New York, NY 10001
212 627 2227
nyic.org

This resource guide is supported by: New York State Department of Health